**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## मुख्य समाचार

- राष्ट्रपति द्रौपदी मुर्मुले आज बिहान नयाँ दिल्लीमा चाणक्य रक्षा संवाद २०२५ (सीडीडी-२०२५) को तेस्रो संस्करणको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुनेछ।
- राष्ट्रपति द्रौपदी मुर्मु आज उडिसा र उत्तर प्रदेशको दुई दिवशीय भ्रमणमा जानुहुनेछ ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान ११ बजे भिडियो कन्फरेन्समार्फत भारतीय अन्तरिक्ष स्टार्टअप स्काईरुटको इन्फिनिटी क्याम्पसको उद्घाटन गर्नुहुनेछ ।
- रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा इन्डोनेसियाका रक्षामंत्री जाफरी सजमसोउद्दिनको साथमा भारत-इन्डोनेसिया रक्षा मन्त्रीहरूको तेस्रो वार्ताको सह-अध्यक्षता गर्नुहुनेछ।
- निर्वाचन आयोगले भनेको छ, विशेष गहन पुनरीक्षण (एस.आई.आर.) को दोस्रो चरणको शुरुवातदेखि मतदाताहरूलाई ५० करोड ५९ लाख भन्दा अधिक गणना प्रपत्रहरू वितरण गरिएको छ।

### राष्ट्रपति द्रौपदी मुर्मु- चाणक्य रक्षा संवाद २०२५

राष्ट्रपति द्रौपदी मुर्मुले आज बिहान नयाँ दिल्लीमा चाणक्य रक्षा संवाद २०२५ (सीडीडी-२०२५) को तेस्रो संस्करणको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुनेछ। दुई दिवशीय कार्यक्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषज्ञहरूलाई रक्षा सुधार, प्राविधिक रूपान्तरण, नागरिक-सैन्य एकीकरण, र बर्ष २०४७ सम्म विकसित भारतका लागि भारतको उदीयमान सुरक्षा प्राथमिकताहरूमा चर्चा गर्न एक साथ ल्याउनेछ। सीडीडी-२०२५ को आयोजना 'रिफर्म टु ट्रान्सफर्म: सशक्त, सुरक्षित र विकसित भारत' भन्ने मूल नाराका साथ हुन लागेको हो । यसअघि, सीडीडी-२०२५ अन्तर्गत संलग्नताको व्यापक श्रृंखलाको एक भागको रूपमा, भारतीय सेनाले ३१ अक्टोबर २०२५ मा युवाहरूमा रणनीतिक जागरूकता बढाउनमा केन्द्रित युवा नेता फोरमको आयोजना गरेको थियो। संवादको दोस्रो दिन रक्षा मन्त्री राजनाथ सिंहले सम्बोधन गर्नुहुनेछ ।

### राष्ट्रपति द्रौपदी मुर्मु- उडिसा र उत्तर प्रदेश भ्रमण

राष्ट्रपति द्रौपदी मुर्मु आज उडिसा र उत्तर प्रदेशको दुई दिवशीय भ्रमणमा जानुहुनेछ । उहाँले आज भुवनेश्वरमा उडिसा विधान सभाका सदस्यहरूलाई सम्बोधन गर्नुहुनेछ। शुक्रबार राष्ट्रपति मुर्मुले लखनउमा ब्रह्मकुमारीको वार्षिक विषयवस्तु २०२५-२६ को 'विश्व एकता र विश्वासका लागि ध्यान' को विमोचन समारोहमा भाग लिनुहुनेछ। सोही दिन, राष्ट्रपति भारत स्काउट्स र गाइड्सको हीरक जयन्ती समारोहको समापन समारोहमा भाग लिनुहुनेछ साथै लखनऊमा यसको १९औँ राष्ट्रिय ज्याम्बोरीलाई सम्बोधन गर्नुहुनेछ।

### प्रधानमंत्री नरेन्द्र मोदी - वीडियो कॉन्फ्रेंसिंग - स्काईरूट इन्फिनिटी कैंपस - उद्घाटन

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान ११ बजे भिडियो कन्फरेन्समार्फत भारतीय अन्तरिक्ष स्टार्टअप स्काईरुटको इन्फिनिटी क्याम्पसको उद्घाटन गर्नुहुनेछ । उहाँले स्काईरूटको पहिलो अर्बिटल रकेट विक्रम–१ को पनि अनावरण गर्नुहुनेछ । यो रकेटबाट स्याटेलाइटलाई पनि कक्षमा प्रक्षेपण गर्न सकिन्छ । अत्याधुनिक परिसरमा लगभग २ लाख वर्ग फिटको कार्यक्षेत्र

हुनेछ जहाँ बहु-प्रक्षेपण वाहनहरूको डिजाइन, विकास, एकीकरण र परीक्षणको लागि प्रत्येक महिना एक अर्बिटल रकेट निर्माण गर्न सकिन्छ। स्काई रुट भारतको अग्रणी निजी अन्तरिक्ष कम्पनी हो । भारतीय प्रौद्योगिकी संस्थानहरुका पूर्व छात्र तथा इसरोका पूर्व वैज्ञानिक पवन चन्दना र भरत ढाका यसका संस्थापक उद्यमी हुन् । नोभेम्बर २०२२ मा, स्काईरूटले आफ्नो सब-अर्बिटल रकेट- विक्रम-एस प्रक्षेपित् गरेको थियो, जसले अन्तरिक्षमा रकेट प्रक्षेपण गर्ने भारतको पहिलो निजी कम्पनी बनायो। निजी अन्तरिक्ष उद्यमहरूको द्रुत वृद्धि केहि बर्षहरुमा सरकारले गरेको परिवर्तनकारी सुधारहरूको सफलताको प्रमाण हो।

**रक्षा मंत्री राजनाथ सिंह -इंडोनेशिया रक्षा मंत्री**

रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा इन्डोनेसियाका रक्षामंत्री जाफरी सजमसोउद्दिनको साथमा भारत-इन्डोनेसिया रक्षा मन्त्रीहरूको तेस्रो वार्ताको सह-अध्यक्षता गर्नुहुनेछ। रक्षा मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ,दुई मन्त्रीहरूले क्षेत्रीय सुरक्षा विकासको समीक्षा गर्ने, बहुपक्षीय मुद्दाहरूमा छलफल गर्ने र द्विपक्षीय रक्षा सहयोगलाई गहिरो पार्ने नयाँ सम्भावनाहरूको खोजी गर्ने । इन्डोनेसियाका मन्त्री २६ नोभेम्बर देखि २७ नोभेम्बर सम्म दुई दिवशीय भारत भ्रमणमा हुनुहुन्छ । मन्त्रालयले अझ भनेको छ, यो भ्रमणले भारत-इन्डोनेसिया रक्षा सम्बन्धमा बढ्दो गतिलाई प्रतिबिम्बित गर्दछ र साझेदारी विस्तार गर्ने साझा प्रतिबद्धताको संकेत गर्दछ।

**सरकार - वित्तीय वर्ष - कुल खरीफ खाद्यान्न उत्पादन**

सरकारले यसवर्षमा कुल खरिफ खाद्यान्न उत्पादन १७३.३ मिलियन टन हुने अनुमान गरेको छ। कृषि मन्त्री शिवराजसिंह चौहानले हिज खरीफ बालीको उत्पादनको पहिलो अग्रिम अनुमान सार्वजनिक गर्नुभएको छ । बर्ष २०२५–२६ को पहिलो अग्रिम अनुमान अनुसार १२ करोड ४० लाख टनभन्दा अधिक धान उत्पादन हुने अनुमान गरिएको छ ।

**साइप्रस - प्रतिनिधि सभा - राष्ट्रपति द्रौपदी मुर्मू**

साइप्रसकी प्रतिनिधि सभाकी अध्यक्ष अनिता डेमेत्रियुको नेतृत्वमा एउटा संसदीय प्रतिनिधिमण्डलले हिज राष्ट्रपति भवनमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूसँग भेट गर्नुभयो । राष्ट्रपति मुर्मूले भारत–साइप्रस सम्बन्ध सहयोगका सबै क्षेत्रमा निरन्तर सुदृढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो । उहाँले संविधान दिवस साइप्रस जस्तो असल मित्र र साझेदार सँग देशको लोकतान्त्रिक र संसदीय अनुभव साझा गर्ने एक आदर्श अवसर भएको बताउनुभयो । उहाँले भन्नुभयो, भारत-साइप्रस आर्थिक सम्बन्धहरूमा विस्तारको ठूलो सम्भावना छ। राष्ट्रपति मुर्मुले संयुक्त राष्ट्र, युरोपीय संघ र राष्ट्रमण्डल लगायत बहुपक्षीय मञ्चहरूमा दुई देशहरूबीच घनिष्ठ सहयोगको पनि सराहना गर्नुभयो। उहाँले साइप्रसको संसदीय प्रतिनिधिमण्डलले यस भ्रमणको क्रममा भारतीय लोकतन्त्र र संसदीय कामकाजबारे अझ राम्ररी बुझ्न पाउने विश्वास व्यक्त गर्नुभयो ।

**प्रधानमन्त्री- बाबासाहेब अम्बेडकर**

प्रधानमन्त्री नरेन्द्र मोदीले संविधान दिवसको अवसरमा पेरिसस्थित युनेस्कोको मुख्यालयमा बाबासाहेब अम्बेडकरको अर्धकदको प्रतिमा अनावरण गरिएकोमा खुशी व्यक्त गर्नुभएको छ । प्रधानमन्त्री श्री मोदीले यसलाई डा. अम्बेडकर र संविधान निर्माणमा उहाँको भूमिकाप्रति उपयुक्त श्रद्धाञ्जलि भएको बताउनु भएको छ।

**केंद्रीय मंत्रिमंडल योजना - मंजूरी**

केन्द्रीय मन्त्रिमण्डलले 7 हजार 2 सय 80 करोड रुपियाँ लागतको परिव्ययको साथ सिन्टर्ड रेयर अर्थ स्थायी चुम्बकहरूको बिनिर्माणलाई बढावा दिने योजनालाई अनुमोदन गरेको छ।यस प्रकारको पहिलो पहलको उद्देश्य देशमा प्रत्येक वर्ष छ हजार मेट्रिक टन एकीकृत दुर्लभ पृथ्वी स्थायी चुम्बक उत्पादन शुरु गर्नु हो। सूचना एवं प्रसारण मन्त्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा पत्रकारहरूलाई यस आशय बारे जानकारी दिनुभएको हो।

<u>1-Byte अश्विनी वैष्णव</u>

**निर्वाचल आयोग -एसआईआर**

निर्वाचन आयोगले भनेको छ, विशेष गहन पुनरीक्षण (एस.आई.आर.) को दोस्रो चरणको शुरुवातदेखि मतदाताहरूलाई ५० करोड ५९ लाखभन्दा अधिक गणना प्रपत्रहरू वितरण गरिएको छ। यो संख्या यस चरणमा सहभागी भएका लगभग ५१ करोड मतदाताको ९९.२५ प्रतिशत हो । मतदाता सूचीको एसआइआरको दोस्रो चरण यस महिनाको ४ तारिखदेखि ९ राज्य र तीन केन्द्र शासित प्रदेशहरूमा शुरु भएको छ। यी राज्य र केन्द्र शासित प्रदेशहरूमा छत्तीसगढ, गोवा, गुजरात, केरला, मध्य प्रदेश, राजस्थान, तमिलनाडु, उत्तर प्रदेश, पश्चिम बङ्गाल, पुडुचेरी, लक्षद्वीप, अन्डमान र निकोबार द्वीप समूह समावेश छन्। मतदाता सुची को व्यापक पुनरीक्षण अर्को वर्ष ७ फरवरीमा अन्तिम मतदाता सूची प्रकाशनसँगै समाप्त हुनेछ।

## मौसम

मौसम विभागले आज पञ्जाबमा शीतलहरको अवस्था रहने सम्भावना व्यक्त गरेको छ । मौसम विभागले हरियाणा, चण्डीगढ, दिल्ली र हिमाचल प्रदेशका बिभिन्न स्थानमा कुहिरोलाग्ने अनुमान गरेको छ।

## इन्डिया ग्लोबल फोरम

इन्डिया ग्लोबल फोरमले उच्च सम्भावना भएका भारतीय उपभोक्ता र औद्योगिक ब्रान्डहरूलाई वैश्विक बजारमा विस्तार गर्न सहयोग पुर्याउन २५० मिलियन डलरको कोष शुरु गरेको छ, जसले दुबईलाई उनीहरूको अन्तर्राष्ट्रिय विकासको केन्द्रको रूपमा स्थान दिएको छ। आई.जी.एफ मध्य पूर्व २०२५ मा घोषणा गरिएको, आईजीएफका अध्यक्ष मनोज लाडवाले भन्नुभयो - यो पहल "भारत-युएई सहयोगको नयाँ युग" हो, दुबईको सम्पर्क र आईजीएफको नेटवर्कले भारतीय कम्पनीहरूलाई मध्य पूर्व, अफ्रिका, युरोप र बाहिर विस्तार गर्न मद्दत गर्नेछ।

## युवा मामिला र खेल मन्त्री

युवा मामिला एवं खेल मन्त्री मनसुख मांडवियाले बर्ष २०३० को कमनवेल्थ गेम्सको आयोजना अधिकार अहमदाबादलाई दिने कमनवेल्थ स्पोर्टको निर्णय देशका लागि एक प्रतिष्ठित क्षण भएको बताउनुभएको छ l

**2 Byte मनसुख मांडविया**

## मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार

प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारले बर्ष २०२६ को लागि अंतर्राष्ट्रीय लोकतंत्र एवं निर्वाचन सहायता संस्थान को अध्यक्षको कार्यभार सम्हाल्नु हुनेछ । निर्वाचन आयोग अनुसार, श्री कुमारले तीन डिसम्बरमा स्वीडेनको स्टकहोममा संस्थानको सदस्य देशहरूको परिषद्‌को बैठकमा औपचारिक रूपमा कार्यभार ग्रहण गर्नुहुनेछ।

****** ० ******